आज मिति २०८०।०३।०४ गतेका दिन अपराह्न ३:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १९ औं बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**तपशील**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | शेर बहादुर बुढा | सचिव | |
| **अन्य उपस्थिति:** | | | |
| १ | माधव कुमार जैसी | अधिकृत छैठौं | |
| २. | प्रयागराज खनाल | सचिवालय प्रमुख | |

**प्रस्ताव नं. १ आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम सभामा पेश गर्ने सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्तुत, छलफल तथा पारितका लागि मिति २०८० असार ७ गतेको ११ औँ नगर सभा अधिवेशनमा सिफारिस गरि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. २ शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा।**

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिका नगर कार्यपालाकाको कार्यालय भल्का, कैलालीका प्रमुख प्रशासकीय अधिकृत श्री शेर बहादुर बुढा ज्यू को ममतामयी आमा श्रीमती मधु बुढा ज्यूको मिति २०८० साल जेठ २१ गते भएको दुखद निधन प्रति हार्दिक समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको विधेयक समितिद्वारा बैठकमा पेश हुन आएका तपशील अनुसारका कार्यविधि/योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो।

तपशील

१. लम्कीचुहा नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०८०
२. लम्कीचुहा नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधी, २०८०
३. लम्कीचुहा नगरपालिका विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (पहिलो अद्यावधिक), २०८०

**प्रस्ताव नं. ४ रकम विनियोजन गर्ने सम्बन्धमा।**

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकामा रहेको राष्ट्रिय भुमि आयोग स्थानीय सेवा केन्द्रमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापनका लागि जग्गा धनी प्रमाण पुर्जा तयार गर्ने प्रयोजनार्थ नक्सा प्रिन्ट गर्नका लागि आवश्यक A0/A1 प्रिन्टर खरिद गर्न भूमि आयोग स्थानीय सेवा केन्द्रका लागि विनियोजित रकमबाट भूक्तानी हुने गरि रु. १० लाख रकम विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५ घ वर्गको ईजाजत उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा पेश हुन आएका निवेदनहरुको प्राविधिक चेकजाँच तथा आवश्यक कागजातहरुको जाँच गर्दा "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तपशील अनुसारका फर्मलाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो।

**तपशील**

क. आई.पि.काफ्ले निर्माण सेवा प्रा.लि. लम्कीचुहा-०२, कैलाली

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**शेर बहादुर बुढा**
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्रमाणित